*[गुठीका सदस्य-सचिव श्री कुन्दमणि दीक्षितबाट धन्यवाद ज्ञापन]*

**आदरणीय अध्यक्षज्यू, नीलाम्बर आचार्यज्यू, आजका सम्मानित 'ब्यौला'द्वय तथा अतिथिज्यूहरू,**

मदन पुरस्कार गुठीको परम्परा हो अन्त्यमा धन्यवाद ज्ञापन गर्ने काम सदस्य-सचिवको हुन्छ । म त्यसैका लागि उभिएको छु ।

सधैं म धन्यवाद ज्ञापन अध्यक्षज्यूलाई धन्यवाद दिएर सुरु गर्थें। यसपटक अध्यक्षभन्दा पहिले नेपालका मिडियालाई धन्यवाद भन्न मन लाग्यो। अध्यक्षज्यूलाई धन्यवाद दिने त सधैंभरि अन्तरनिहित छँदै छ । मिडिया अर्थात् पत्रकार बन्धुहरूलाई धन्यवाद दिनु चाहिँ मेरो स्वार्थभित्र पनि पर्छ, किनभने म आफै पत्रकारसमेत भएकाले यो गुठीले दिएको धन्यवादको केही अंश मेरो भागमा पनि पर्छ। भए पनि यसपटक पत्रपत्रिकामा हाम्रा दुई पुरस्कारका वारेमा निकै राम्रा टिप्पणीहरू पढ्न सुन्न पाइयो । पत्रकार बन्धुहरूलाई धेरै धन्यवाद छ ।

यसपलि पत्रकार बन्धुहरूलाई यसरी सकारात्मक बनाइदिने भने तपाईंहरू दुई जना सज्जनहरू नै हुनुहुन्छ। त्यसैले तपाईंहरू दुवै जना श्री रामशरण दर्नाल र श्री युवराज नयाँघरेलाई म विशेष धन्यवाद अर्पण गर्छु। माननीय नीलाम्वर आचार्यज्यू, तपाईंलाई त धन्यवाद मात्र भनेर पनि पुग्दैन, म कृतज्ञता ज्ञापन गर्छु। आफ्नो व्यस्त समय अलिकति हामीलाई बाँडेर यति सारगर्भित र मीठो विद्वद्प्रवचन तयार पारिदिनुभयो, यहाँसम्म आई त्यो प्रस्तुत गरिदिनुभयो। मदन पुरस्कार गुठीको तर्फबाट म आभार प्रकट गर्दछु ।

आज हाम्रा दुई 'ब्यौला'हरूलाई ओल्क्याउनुहुने चार जना वयोवृद्ध र ज्ञानवृद्ध विद्वान्हरूलाई पनि हार्दिक धन्यवाद टक्राउँछु। अनि, आज

बिदा नभएको दिनमा पनि आफ्ना कामकाज छाडेर यस समारोहमा उपस्थित भई हाम्रो हौसला बढाइदिनुहुने तपाईं महिला तथा सज्जनवृन्दमा पनि म कृतज्ञतापूर्वक धन्यवाद निवेदन गर्दछु ।

रातो बङ्गला स्कूलले गुठीमाथि सद्भाव राखी यो भव्य 'कमलमणि थिएटर' यस कार्यक्रमका लागि उपलब्ध गराइदियो, गुठी परिवार कृतज्ञ छ । म यस स्कूलका अधिकारीवर्गप्रति आभार प्रकट गर्दछु । यसका सवै बन्दोबस्त गर्ने स्टाफहरूलाई पनि हाम्रो धन्यवाद छ ।

रातो बङ्गला भान्छाघरका कर्मचारीहरूले नै ऐले एकैछिनपछि हामीले खाने चियाचमेनाको चाँजो मिलाएकोमा उहाँहरूलाई म अग्रिम धन्यवाद भन्छु । तर तल गएर यसको रसास्वादन गरेपछि त्यो तपाईंहरूलाई मनपऱ्यो भने तपाईंहरूले पनि उहाँहरूलाई धन्यवाद दिनुहोला भन्ने आशा गर्दछु ।

यो औपचारिक धन्यवादको कार्य सकिएपछि म अलिकति अनौपचारिक कुरा पनि राख्न चाहन्छु । त्यो के भने, मदन पुरस्कार गुठी र मदन पुरस्कार पुस्तकालय भन्ने दुईओटा स्वसासित संस्थाहरू छन् हाम्रा। तिनका काम कर्तव्य अलग-अलग छन् तापनि यी दुवै संस्थाको मूल उद्देश्य भनेको नेपाली भाषाको सेवा नै हो र यसको सञ्चालनको जिम्मा पनि सम्बन्धित एकै थरीबाट भैआएको छ। अब यी दुवै संस्थाको कानुनत: अस्तित्व पृथक्पृथक् रहे पनि एउटै छातासंस्था 'मदन पुरस्कार' अन्तर्गत गर्न सकिन्छ कि भन्नेतर्फ पनि हामीहरू विचार गरिरहेका छौं ।

यति भन्दै म यो मरो वक्तव्य टुङ्ग्याउँछु । धन्यवाद !

अब अध्यक्षज्यूको आज्ञाबाट यो सभा विसर्जन भएको जानकारी पनि गराउँदछु ।